म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ७४ २०८० माघ १८ गते बिहीबार 1 February 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**वडामै सामाजिक सुरक्षा भत्ताः** मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिका-१, मार्खुमा बुधबार ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिँदै। गाउँपालिकाले वडा र बैंकसँग समन्वय गरेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको हो। वडामै सामाजिक सुरक्षा भत्ता वितरण हुँदा ज्येष्ठ नागरिकलाई सहजता भएको छ ।

## पनेरुको आँखाको नानी संकलन

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-२ का हरि पनेरुको आँखाको नानी संकलन गरिएको छ । दुर्घटनामा परी मृत्यु भएका पनेरुको आँखाको नानी मंगलबार हेटौंडा सामुदायिक आँखा अस्पतालले संकलन गरेको हो ।

पनेरुको परिवारको सहमतिमा आँखाको नानी संकलन गरिएको आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो । हेटौंडा सामुदायिक आँखा अस्पतालमा पहिलो पटक हेटौडा-४ खोपेगल्लीका रामकृष्ण श्रेष्ठको नानी संकलन गरिएको थियो । आवश्यक भएको व्यक्ति, नानीमा समस्या भएर दृष्टिबिहिन व्यक्तिलाई संकलित आँखाको नानी वितरण गरिने छ । सोमबार कान्तिलोकपथ सडकखण्ड अन्तर्गत हेटौंडा-१७, गौरीगाउँमा टिपरको ठक्करबाट पनेरुको मृत्यु भएको थियो ।

## पेट्रोलियम पदार्थको मूल्य वृद्धि

काठमाडौंः नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । निगमले पेट्रोल, डिजेल र एलपी ग्यासको मूल्य वृद्धि गरेको हो । बुधबार बसेको निगम सञ्चालक समितिको निर्णयअनुसार नयाँ मूल्य माघ १८ गते बिहान १ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र एलपी ग्यासको मूल्य बढाइएको हो । निगमका अनुसार पेट्रोलमा प्रतिलिटर ४, डिजेल-मट्टितेलमा २ र एलपी ग्यासमा १५ रुपैयाँ बढाइएको छ । इन्डियन आयल कर्पोरेसनबाट बुधबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएको निगमले जनाएको छ ।

## हेटौंडाका गिरी गाँजासहित बारामा पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित हेटौंडाका पवन गिरी बारा जिल्लाबाट पक्राउ परेका छन् । मंगलबार बिहान ८ बजेर ४५ मिनेटको समयमा बारा जिल्लाको जितपुर-सिमरा उपमहानगर पालिका-७, टेढारोडबाट १० केजी गाँजासहित हेटौंडा-३, बस्तीपुरका २७ वर्षीय गिरीलाई पक्राउ गरिएको बारा प्रहरीले जानकारी दिएको छ ।

टेढारोडदेखि पर्सा जिल्लाको मिलनचोकतर्फ पैदलै जाँदै गरेका गिरीलाई शंका लागी सुरक्षाजाँच गर्ने क्रममा २ वटा झोलामा पाँच-पाँच केजीका दरले १० केजी गाँजा बरामद भएको बारा प्रहरीले जानकारी दिएको छ । प्रहरीले गिरीलाई हिरासतमै राखी आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

## बागमतीका पूर्वमन्त्री पौडेलको निधन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका पूर्वमन्त्री बलराम पौडेलको सडक दुर्घटनामा परी निधन भएको छ । चितवन कांग्रेसले प्रेस विज्ञप्ति जारी गर्दै पौडेलको बुधबार नवलपरासी गैंडाकोटमा भएको दुर्घटनामा परेर निधन भएको जानकारी दिएको छ । पौडेलले चलाएको मोटरसाइकललाई बसले ठक्कर दिएको थियो । चितवन जिल्लाको भरतपुर महानगरपालिका-१७ का पौडेल नेपाली कांग्रेस चितवनका पुराना नेता हुनुहुन्थ्यो । उहाँ वागमती प्रदेश सरकारको भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री पनि हुनुभएको थियो ।

## भुटनदेवी माविमा दन्त

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा निःशुल्क दन्त परीक्षण शिविर भएको छ । शिविरका विद्यालयका एक हजार १५ जना विद्यार्थीको दाँतको परीक्षण गरिएको छ ।

रोटरी क्लक अफ हेटौंडा, रोट्रयाक्ट क्लब अफ हेटौंडा र भुटनदेवी आल्मुनाइ एसोसिएसनको संयुक्त आयोजनामा शिविर भएको हो ।

शिविरमा जाँच गराएका धेरै विद्यार्थीमा दाँत किराले खाएको, दाँत फोहोर भएको, दात नमिलेको लगायतको समस्या देखिएको रोटरी क्लब अफ हेटौंडाका सेवा परियोजना संयोजक सुदर्शन ढकालले जानकारी दिनुभयो । कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो । निःशुल्क दन्त परीक्षण शिविरमा हेटौंडा-१ मा रहेको एभरेष्ट दन्त सेवा केन्द्रको प्राविधिक सहयोग रहेको थियो ।

शिविरमा नर्सरी कक्षादेखि १० कक्षाका विद्यार्थीहरुको दन्त परीक्षण गरिएको थियो । शिविरमा हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा अध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष फुर्वा दोर्जे लामाको पनि आतिथ्य रहेको थियो ।

# मानव बेचविखनविरुद्धको संरक्षण नीतिबारे अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः मानव बेचविखन तथा ओसारपसार विरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीतिको प्रचार तथा आगामी कार्यदिशासम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ । बुधबार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको आयोजना तथा एसिया फाउन्डेसन, अष्ट्रेलियन एड, महिला कानुन र विकास मञ्चको संयुक्त सहकार्यमा अभिमुखीकरण भएको हो ।


कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुहुँदै सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले नीतिको बारेमा जानकारी गराउनुभयो । प्रदेशले थप उत्तर दायी भएर मानव बेचविखन तथा ओसार पसारमुक्त प्रदेश बनाउन नीति लागू गरिएको उहाँले बताउनुभयो । उहाँले अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा बालबालिका बढी हराउने गरेको बताउनुभयो । श्रमलगायतका शोषणाका कारण जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाई मनोसामाजिक, आर्थिक तथा कानुनीरुपमा सशक्तिकरण गर्न चुनौती रहेको कँडेलले बताउनुभयो ।

पुनः स्थापनाका लागि स्थापित सेवा सुविधालाई प्रभावकारी बनाएर पुनः मिलनका कार्यक्रमअन्तर्गत् अभिभावक सचेतीकरणलाई प्राथमिकता दिन आवश्यक रहेको उहाँले बताउनुभयो । बागमती प्रदेश सरकारले नीति कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधि बनाउन सक्ने उहाँले बताउनुभयो । नीतिको कार्यान्वयनको जिम्मेवारी प्रदेश सरकार हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास महाशाखाका महिला विकास अधिकृत चन्द्रकुमारी व्यञ्जनकार र कानुन र विकास मञ्चका निर्देशक अधिवक्ता सविन श्रेष्ठले पनि आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बोल्नुहुँदै माइती नेपाल मकवानपुरकी संयोजक माया लामाले पछिल्लो समय मानव बेचविखनको स्वरुप बदलिँदो अवस्थामा रहेको बताउनुभयो । पहिलाभन्दा फरक ढङ्गले मानव बेचविखन भइरहेको उहाँले बताउनुभयो । अहिले वास्तविक पीडितको पहिचान नभइरहेको अवस्था रहेको उहाँको भनाइ छ । उहाँले पीडितहरुले समयमै क्षतिपूर्ति पनि पाउन नसकिरहेको बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा, प्रदेश बाल अधिकार समितिका सदस्य प्रकाश खतिवडा, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशकी अध्यक्ष आरती पाठकलगायत सुरक्षा निकाय र सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।



## सम्पादकीय

# अनिवार्य र नि:शुल्क शिक्षा

नेपालमा अनिवार्य र नि:शुल्क शिक्षाको नारा लगाइएको करिब आधा शताब्दी भए पनि त्यो पूरा हुन सकेको छैन । तत्कालीन राजा वीरेन्द्रले २०३१ साल फागुन १२ गते नि:शुल्क र अनिवार्य प्राथमिक शिक्षाको घोषणा गरेका थिए । सोही घोषणा भएको दिनको स्मरणमा मुलुकमा राजतन्त्रको अन्त्य नहुँदासम्म प्रत्येक वर्ष फागुन १२ गते शिक्षा दिवस मनाउने गरिएको थियो । देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनस्थापना भएपछि माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने घोषणा गरिए पनि त्यसले सार्थकता पाउन सकेन । अझ संघीय गणतान्त्रिक शासन कार्यान्वयनको आधार मानिएको वर्तमान संविधानले आधारभूत तह (कक्षा ८) सम्मको शिक्षा अनिवार्य र माध्यमिक तह (कक्षा १२ सम्म)को शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । उक्त संविधान जारी भएको एक दशक पुगन लागदासमेत देशमा अनिवार्य र नि:शुल्क शिक्षा संविधानको धारामा मात्र सिमित बनेको छ ।

पछिल्लो समय फेरि विभिन्न प्रदेश सरकार र स्थानीय सरकारले नि:शुल्क र अनिवार्य शिक्षा लागू भएको घोषणा गर्ने क्रम सुरु भएको छ । मकवानपुर जिल्लाको बागमती गाउँपालिकाको ११ औं गाउँसभामा अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणाको प्रसंग उठेको छ । गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक कमानसिंह पाख्रिनले गाउँसभामा प्रतिवेदन प्रस्तुत गर्दै पालिकामा अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम घोषणाको तयारी भएको बताएका छन् । गाउँपालिकामा शिक्षक अभावलाई पूर्ति गर्न पालिकाले आफ्नै स्रोतबाट दुई जना ईसीडी, १४ जना प्राथमिक, ९ जना निम्न माध्यमिक र ६ जना माध्यमिक शिक्षकको दरबन्दी निर्धारण गरेर नियुक्तसमेत गरेको छ । संघीय, प्रदेश र स्थानीय सरकारले सामुदायिक विद्यालयका लागि यथासक्य शिक्षक दरबन्दी र तिनको तलब, भत्ता उपलब्ध गराउँदै आए पनि विद्यालय सञ्चालनका लागि आवश्यक अन्य खर्चको व्यवस्थापन गर्न सकेको छैन । यसले गर्दा अहिलेकै अवस्थामा नि:शुल्क र अनिवार्य शिक्षा घोषणा गरिएमा घोषणामा मात्र सिमित हुने निश्चित छ ।

मुलुकमा अनेकौं सुधारका विषयहरुमा तहगत र प्रक्रियागतरुपमा घोषणा हुने गरेको भए पनि व्यवहारमा लागू हुन सकेको पाइँदैन । संविधानले ग्यारेन्टी गरेको माध्यमिक तहसम्मको नि:शुल्क र आधारभूत तहसम्मको अनिवार्य शिक्षा कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहकै हो । संविधानले नै माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेका कारण अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहको हुन्छ । तर, कतिपय स्थानीय तहको आन्तरिक आम्दानी ज्यादै न्यून रहेको र नि:शुल्क शिक्षाको लागि आवश्यक लगानी गर्नसक्ने अवस्था नभएकाले नि:शुल्क र अनिवार्य शिक्षा व्यवहारमा लागू गर्न सहज देखिँदैन । अर्कोतिर विद्यालय शिक्षामा निजी विद्यालयको उपस्थिति हुँदासम्म नि:शुल्क शिक्षा सम्भव छैन । सामुदायिक र निजी विद्यालयबीच एकरुपता नहुँदासम्म शिक्षामा व्यवसायीकरण हुनुका साथै शिक्षा विभेदपूर्ण भइरहनेछ । अनिवार्य र नि:शुल्क शिक्षाका लागि निजी विद्यालयको उपस्थिति शून्य हुनु आवश्यक छ, जुन अहिले सम्भव देखिँदैन ।

देशको विकासमा शिक्षा र शिक्षित जनशक्तिको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षित समुदाय नै विकास र समृद्धिको पहिलो आधार हुन् । यसकारण तीनै तहको सरकारले शिक्षालाई उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपर्छ । अनिवार्य र नि:शुल्क शिक्षा लागू गर्न संघीय बजेटको कम्तिमा २० प्रतिशत शिक्षामा विनियोजन गर्नुपर्ने शिक्षाविद्हरुले बताउने गरेको भए पनि सरकारले १० प्रतिशत हाराहारीको बजेटमात्र शिक्षामा छुट्याइरहेको छ । यसले देशभरका विद्यालयमा आवश्यक सबै प्रकारका खर्च धान्न सक्ने अवस्था छैन र नि:शुल्क शिक्षा व्यवहारिकरुपमा लागू गर्न सकिन्न । अर्कोतिर, न्यून आय भएका अभिभावकका बालबालिकालाई विद्यालयमा टिकाउन मुस्किल परिरहेको छ । अझ विपन्न तथा अल्पसंख्यक समुदायका बालबालिकालाई विद्यालयको पहुँचसम्म ल्याउन नै कठिनाई भइरहेको अवस्थामा अनिवार्य शिक्षाको कुरा पनि नारामै सिमित बन्ने निश्चित छ ।

# नेपालमा वैदेशिक सहयोग



के.बी. बस्नेत




दोस्रो विश्वयुद्धले धराशायी भएको पश्चिम युरोपको समग्र विकासका लागि धेरै पुँजीको आवश्यकता थियो । त्यसैले विश्व अर्थव्यवस्थामा वैदेशिक सहयोगको प्रचलन उक्त युद्धको समाप्तिपछि भएको हो । वास्तवमा युद्धले क्षतिग्रस्त बनाएका युरोपेली मुलुकहरूको पुनरुत्थानका लागि संयुक्त राज्य अमेरिकाले मार्सल प्लानअन्तर्गत प्रवाह गरेको १२.५ मिलियन अमेरिका डलरबाट विश्वमा वैदेशिक सहयोगको सुरु भएको हो ।

नेपालमा सर्वप्रथम सन् १९५१ जनवरी २३ मा अमेरिकी सरकारबाट २ हजार डलर अमेरिकी सहयोग प्राप्त भएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रयुम्यानले घोषणा गरेको प्वाइन्ट फोर प्रोग्रामअन्तर्गत यस्तो सहायता प्राप्त भएको हो । सन् १९६० देखि नेपाललाई चीन, जापान, भारत, बेलायत, अस्टेलिया, स्वीजरल्यान्डलगायतका देशहरूले शिक्षा, स्वास्थ्य, सञ्चार र उद्योगलगायतको विभिन्न क्षेत्रमा द्विपक्षीय सहायता जुट्न थाल्यो । उक्त समयमा धेरैजसो सहायता अनुदानको रूपमा प्राप्त भएको थियो ।

वास्तवमा सन् १९६० मध्यतिर निर्माण गरिएका विकास आयोजना अनुदान सहायताबाट सम्पन्न भए । सन् १९६० पछि नेपालले विश्व बैंक, एसियाली विकास बैंक र संयुक्त राष्ट्रसंघजस्ता बहुपक्षीय दाताहरूबाट वैदेशिक सहयोग प्राप्त गरिरहेको छ । सन् १९६५ देखि यहाँ बहुपक्षीय अनुदान प्राप्त हुन थालेको हो ।

वर्तमान समयमा नेपालमा द्विपक्षीय र बहुपक्षीय दुवै किसिमका सहायता प्राप्त भइरहेको छ, जुन ऋण तथा अनुदान दुवै रुपमा प्राप्त हुन्छ । नेपालमा वि.सं. २००८ देखि औपचारिक रुपमा सुरु गरिएको वैदेशिक सहायताले हालसम्म पनि यहाँको राष्ट्रिय बजेटमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यति मात्र होइन, यसले नयाँ ज्ञान र प्रविधि भित्र्याउने तथा अन्तर्राष्ट्रिय, कूटनीतिक, सांस्कृतिक, व्यापारिक एवं राजनीतिक सम्बन्ध सुदृढ गर्ने काममा पनि सघाउ पुर्‍याएको छ ।

नेपालको समग्र विकासका आकांक्षालाई सहजताका साथ अगाडि बढाउन विपुल धनराशिको आवश्यकता पर्छ । वास्तवमा आर्थिक, सामाजिक र उत्पादनशील क्षेत्र सुदृढ गर्नु यहाँका समकालीन विकासका चुनौती हुन् । यहाँ विद्यमान न्यून स्रोतसाधन तथा साँघुरो बजार पहुँचका कारण यी चुनौतीहरूको डटेर सामना गर्न कठिन छ । यस्तो अवस्थामा वैदेशिक सहयोगको भूमिका कम महत्वपूर्ण छैन ।

नेपालमा झन्डै सात दशकअघिदेखि राष्ट्रिय रूपमा वित्तीय स्रोतहरूको परिचालन एवं विभिन्न स्रोतसाधनको न्यूनता पूर्ति गर्न वैदेशिक सहयोगले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तर, यस्तो सहायता यहाँको आर्थिक विकासमा आशा गरेअनुरुप प्रभावकारी भएको छैन । नेपालमा विद्यमान स्रोतसाधनको न्यूनता र साँघुरो बजार पहुँचका कारण यहाँ विद्यमान समस्याहरु सहजै समाधान गर्न सकिने अवस्था छैन । यस्तो अवस्थामा वैदेशिक सहयोगले यहाँको अर्थतन्त्र सबलीकरणका लागि केही योगदान पुर्‍याइरहेको छ ।

तर, विभिन्न समस्याका कारण उक्त सहयोगले यहाँको आर्थिक विकासमा ठोस प्रभाव पार्न सकेको छैन । वस्तुत: नेपाली अर्थतन्त्रमा वैदेशिक सहयोग परिचालनमा उपयुक्त उपाय अपनाउन नसक्नाले यस्तो भएको हो । कुनै पनि देशमा विकास साझेदारहरूले प्रतिबद्ध गरेको वैदेशिक सहयोग यथोचित समयमा प्राप्त गरी विकास परियोजनाहरू निर्माण गर्न गृहकार्य गर्न आवश्यक छ । तर, हालसम्म पनि यहाँ यस्तो कार्य नगरिएकाले विकासले गति लिन सकेको छैन ।

वास्तवमा कुनै पनि प्रस्तावित परियोजनाको सञ्चालनबारे सम्बन्धित दाताहरूसँग विभिन्न चरणमा छलफल भई सहमति भएपछि मात्र रकम भित्रिन थाल्छ । तर, नेपालमा प्रथम चरणदेखि नै समस्याहरू देखिन्छन् । राष्ट्रिय रूपले प्राथमिकतामा नपरेका स्थानीय आवश्यकताभन्दा फरक एवं वैदेशिक सहयोग नै नचाहिने क्षेत्रमा उक्त सहयोग स्वीकार गर्नु, नेपाल सरकार र दाताहरूबीच आवश्यक तालमेल एवं तादात्म्यता नहुनु, प्रशासनलाई छिटोछरितो एवं समयानुकूल बनाउन नसक्नुजस्ता समस्याहरूले उक्त सहायताको प्रभावकारितामा अवरोध पुर्‍याएका छन् ।

वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूमा नेपाल सरकारको अपनत्व नरहनु, आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि दातृ पक्षले राखेका सर्तअनुसार कोटेसन आह्वान गर्नु, केन्द्रीकृत मानसिकताका कारण वैदेशिक सहयोगका आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्न जटिल हुनु, परियोजनाहरू तयार नै नगरी ऋण सम्झौता गर्नु र सहायता परिचालनको नाममा आयोजनाको विस्तृत विश्लेषण र सम्भाव्यता अध्ययन नगरी हचुवाको भरमा कार्यान्वयन गर्ने प्रयास गर्नु पनि समस्याकै रूपमा रहेका छन् ।

साना विकास परियोजनाहरूमा वैदेशिक सहयोग परिचालन गर्ने बढ्दो प्रवृत्तिले एकातिर उक्त सहयोगको सदुपयोग गर्न सकिएको छैन भने अर्कातिर कारोबार लागत खर्च बढेको छ । फलत: यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ ।

वैदेशिक सहयोगअन्तर्गत खर्च गरिएको रकम उपयुक्त समयमा शोधभर्ना लिन नसक्नु नेपालका लागि गम्भीर चुनौतीका रूपमा रहेको छ । यसबाट यहाँको विकास कार्यहरूमा बाधा पुगेको छ । कहिलेकाहीं दातृ निकायहरूसँग भएको सहायता सम्झौतालाई वास्ता नगरी खर्च गरिन्छ । यस्ता खर्चको शोधभर्ना प्राप्त हुँदैन । कुनै पनि देशले ऋण सम्झौतामा निर्धारित अवधिभित्र रकम खर्च नसकेमा दातृ राष्ट्रहरूलाई प्रतिबद्धता शुल्क तिर्नुपर्छ । नेपालको उक्त सहायता परिचालनको कमजोर क्षमताका कारण उक्त शुल्कबापत यसले बर्सेनि करोडौं रुपैयाँ दातृ राष्ट्रहरूलाई तिर्नुपरेको छ ।

हालसम्म पनि यहाँ वैदेशिक सहायता व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन नसक्नाले विकास साझेदारहरूबाट प्राप्त हुने सहायता यहाँको सरकारको सूचना प्रणालीमा समावेश गरिँदैन । यहाँको सूचना प्रणाली बाहिरबाट खर्च गर्नुपर्ने समस्या झेल्नुपरेको छ । नेपालमा पुँजीगत खर्च कम हुनु, कर्मचारीहरूको सरुवा भइरहनाले आयोजनाहरूको कार्यान्वयनमा ढिलाइ हुनु, ठेकापट्टामा ढिलाइ हुनु, सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खरिद प्रक्रियालाई प्रभावकारी बनाउन नसक्नुजस्ता समस्याहरूले वैदेशिक सहयोग परिचालनमा बाधा पुर्‍याएको छ ।

नेपालका लागि वैदेशिक सहयोग आवश्यकता मात्र नभई बाध्यता पनि हो । त्यसैले विद्यमान समस्याहरुको न्यूनीकरण गरी उक्त सहयोगको अधिकतम परिचालन गर्न आवश्यक छ । नेपालमा साढे सात दशकभन्दा बढी अवधिदेखि विकास प्रयासका आवश्यक साधनको रुपमा वैदेशिक सहायता परिचालन गरिँदै आएको छ । तर, उक्त सहायता यथोचित परिपाटीबाट परिचालन गर्न नसकिएकाले यहाँको आर्थिक विकास सोचेअनुरूप हुन सकेको छैन । वर्तमान समयमा वैदेशिक सहयोग परिचालनमा देखिएको समस्या समाधान खोज्ने दिशातर्फ सम्बन्धित पक्षहरूको ध्यान यथाशीघ्र आकृष्ट हुनुपरेको छ । यसो गर्न सकेमा उक्त सहयोगले यहाँको सर्वांगीण विकासमा ठोस योगदान पुर्‍याउनेछ । *(स्रोत: कारोबारदैनिक)*

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

# वृद्ध उमेरमा किन देखिन्छ दीर्घकालीन दम ?



डा. नीरज बम
वरिष्ठ छातीरोग विशेषज्ञ



नेपालमा प्रत्येक १० जनामा एक जनालाई श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन दम (सीओपीडी) छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको एक अध्ययनले यही भन्छ । अध्ययनअनुसार ११.७ प्रतिशत नेपालीमा यो समस्या छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज (सीओपीडी) विश्वभर मृत्युको तेस्रो प्रमुख कारण हो, जसले सन् २०१९ मा ३० लाख २३ हजारले यही रोगका कारण ज्यान गुमाएका थिए ।

सीओपीडी एक दिन वा छोटो समयमा लागिहाल्ने रोग होइन । यसको विकास हुन धेरै वर्ष लाग्छ । जस कारण विशेषत: यो रोगले वृद्धावस्थामा बढी सताउँछ । के कारणले वृद्धमा सीओपीडी हुन्छ ? यो रोग के हो ? यसको उपचार छ ? चर्चा गरौं ।

सीओपीडी यस्तो रोग हो, जसमा बिरामीलाई सास फेर्न कठिन हुन्छ । यसलाई दीर्घकालीन दम रोग पनि भनिन्छ । सामान्यतया जब हामी हावाको सहायताले सास लिन्छौं, तब अक्सिजन रगतमा मिसिन्छ र कार्बनडाइअक्साइड बाहिर जान्छ । कुनै कारणवश सीओपीडी रोगले यो निरन्तर चल्नुपर्ने प्रक्रियालाई अवरोध गर्छ । जसकारण सास लिन समस्या हुन्छ र शरीर चलायमान हुन चाहिने अक्सिजन शरीरले पाउन सक्दैन ।

### वृद्धमा जोखिम बढी र यसका कारण

धुम्रपान, वायु प्रदूषण (धुवाँ, धुलो), घरभित्र हुने वायु प्रदूषण चुल्होमा पराल, दाउरा आदिको प्रयोग, इट्टाभट्टा, सिमेन्ट, कपडा, रसायन र कोइला खानीबाट निस्किने धुलो र हानिकारक रसायन सीओपीडी गराउने प्रमुख तत्व हुन् ।

यस्तोमा एक त उमेर बढेसँगै फोक्सोको काम गर्ने क्षमता पनि घट्दै गइरहेको हुन्छ । अर्को भनेको लामो समयसम्म धुम्रपानको धुवाँ, वायु प्रदूषणमा प्रत्यक्ष सम्पर्कमा बस्दा हानिकारक रसायन नाक वा मुखबाट श्वासनली हुँदै फोक्सोमा पुगेमा सीओपीडी हुनसक्छ । यी कारक तत्व रहिरहँदा फोक्सोसँग जोड्ने श्वासनली र सासको डायमिटर घटाइदिन्छ । र, काम गर्ने क्षमता घट्छ ।

विशेषगरी ४५ देखि ५० वर्षमाथिको उमेरमा यो समस्याले सताउन सक्छ । फोक्सोको संक्रमण र जाडोयाममा बढ्ने दमले सीओपीडी भइसकेकालाई बढी प्रभावित गर्छ । धुम्रपान अत्यधिक गर्ने गर्भवती आमाको सन्तान जन्मिएपछि बच्चामा दम भई भविष्यमा सीओपीडी हुनसक्छ ।

दैनिकजसो आगोको धुवाँमा काम गर्ने, चुरोट र तम्बाकु सेवन गर्नेको नजिक बस्ने व्यक्तिलाई पनि उमेर बढ्दै जाँदा यो समस्या कालान्तरमा देखिन सक्छ ।

त्यसबाहेक, वंशाणुगत रोग अल्फा वान् एन्टिट्रिप्सिनका कारण बच्चा र वयस्कमा पनि सीओपीडी हुनसक्छ । यो वंशाणुगत रोग विरलै देखिन्छ ।

### कसरी यसले फोक्सोलाई खराब गर्छ ?

नाकभित्र फोक्सोसम्म पुग्ने सास लिने र फाल्ने श्वासनली हुन्छ । यसरी चुरोट वा प्रदूषणको धुवाँधुलो दिनहुँजसो लिइरहँदा श्वासप्रश्वास नलीहरु सुन्निने र बिस्तारै साँघुरिँदै जान्छन् । यसरी श्वासप्रश्वास नली साँघुरिंदै गएमा श्वासप्रश्वासमा अवरोध आउँछ । जसकारण फोक्सोले

....बाँकी पृष्ठ ३ मा

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रोकिएका र अप्ठ्यारा कामहरु बन्नेछन् ।
**वृष** : आत्मबलले कामको दायित्व बढ्नेछ ।
**मिथुन** : परीक्षा प्रतियोगिताका काममा सफलता प्राप्त ।
**कर्कट** : सामाजिक र धार्मिक यात्रा योगमा सरिक ।
**सिंह** : अध्ययन – अध्यापनबाट लाभ प्राप्त होला ।
**कन्या** : सामाजिक र धार्मिक यात्रामा सरिक भइनेछ ।
**तुला** : प्रतिस्पर्धीसँग विजय प्राप्त हुने समय छ ।
**वृश्चिक** : रोकिएका कामहरु बन्ने समय योग छ ।
**धनु** : प्रशासनिक क्षेत्रका समस्याहरु हल हुँदै जालान् ।
**मकर** : स्वास्थ्य सबल र रोकिएका कामहरु बन्लान् ।
**कुम्भ** : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक ।
**मीन** : शिक्षादीक्षाका क्षेत्रमा समय व्यतित हुने योग छ ।

# दुईपल्ट खारेज भएको हेटौंडा कपडा उद्योगमा सेनाको २ अर्ब खन्याउने तयारी



काठमाडौं: नेपाल सरकारले दुईपटक खारेज गरिसकेको हेटौंडा कपडा उद्योगमा पुनः राज्यको २ अर्ब रुपैयाँ खन्याउने तयारी थालिएको छ । २०५७ सालदेखि बन्द अवस्थामा रहेको उद्योग २०६० सालमै खारेजीमा लैजाने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो । दोस्रो जनआन्दोलनपछि पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा राष्ट्रिय उद्योग चलाउने भन्दै पुनः यसलाई ब्यूँताइयो । त्यसबेला सरकारले उद्योग सञ्चालनका लागि ८ करोड रुपैयाँ खर्च गरे पनि यो सञ्चालन आउन नसक्ने देखिएपछि २०६६ सालमा पुनः खारेजीमा लगिएको थियो ।

तर, यसअघि राज्यले नै सञ्चालन गर्न नसक्ने भनेर खारेजीमा लगेको उद्योगमा २ अर्ब रुपैयाँभन्दा बढी लगानी गर्दै नेपाली सेनालाई चलाउन दिने तयारी सरकारले गरेको छ । सेनालाई उद्योग चलाउन दिने तयारी स्वरुप सरकारले अध्ययन गराएको थियो । नेपाली सेनाले नै गरेको अध्ययनले उद्योग पुन:सञ्चालनका लागि १ अर्ब ९३ करोड रुपैयाँ लगानी गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

त्यस्तै, उद्योगका लागि वार्षिक सञ्चालन खर्च ७८ करोड रुपैयाँ लाग्ने निष्कर्ष पनि अध्ययन कार्यदलले निकालेको छ। यो रकम नेपाली सेनाका सिपाहीलगायत सम्पूर्ण कर्मचारीको योगदानमा बनेको सैनिक कल्याणकारी कोषबाट लगानी गर्ने प्रस्ताव पनि सेनाले गरेको छ । 'उद्योग सञ्चालनका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषको बजेट पर्याप्त रहेको छ,' सेनाको प्रस्तावमा भनिएको छ। कार्यदलले गरेको अध्ययनले ९ वर्षपछि लागत उठाई उद्योग नाफामा जाने पनि निष्कर्ष निकालेको छ । सेनाले गरेको अध्ययनले उद्योगका केही संरचना र मेसिनहरू मर्मतसम्भार गरी सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेको देखाएको छ ।

उद्योगको स्वामित्वमा १६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको, उद्योग सञ्चालनका लागि अधिकांश कच्चा पदार्थ देशभित्र नै उपलब्ध रहेको तथा नेपाली सेना लगायत सरकारी कर्मचारीका लागि लत्ताकपडाको माग उद्योगले परिपूर्ति भएकाले बजारका लागि कुनै समस्या नभएको समेत उद्योगले उल्लेख गरेको छ । अध्ययन कार्यदलले उद्योग पुनः सञ्चालनको मोडालिटीसमेत प्रस्ताव गरेको छ। तीन वर्षे कार्यतालिकासहितको प्रस्तावित मोडालिटीमा अनुमानित २६ लाख मिटर कपडा उत्पादनका लागि आर्थिक वर्ष २०८०/८१ मा नीतिगत निर्णय गरी नेपाली सेनालाई उद्योगको हस्तान्तरण, डीपीआर निर्माण, नयाँ मेसिनरी सामानको छनोट र खरिदको काम सम्पन्न गर्ने उल्लेख छ ।

आर्थिक वर्ष २०८१/८२ मा पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम सम्पन्न गरी परीक्षण उत्पादन सुरू गर्ने प्रस्तावित मोडालिटीमा उल्लेख छ। त्यस्तै, आव २०८२/८३ मा मेसिनहरू थप गर्ने, उद्योगको क्षमता बिस्तार गर्ने, बुटवल धागो उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थको व्यवस्था र नियमित उत्पादन सुरू गर्ने प्रस्ताव गरिएको छ । कार्यदलले उद्योग पुनः सञ्चालनका निम्ति नेपाल सरकारको नीतिगत र कानुनी सहयोगको समेत प्रस्ताव गरेको छ । दायित्व फरफारक गरी उद्योगको स्वामित्व नेपाली सेनामा हस्तान्तरण गर्नुपर्ने, उद्योगबाट उत्पादित कपडाको खपत सरकारी निकायमा गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्ने लगायतका विषय समावेश गरेको छ ।

सेनाले यो उद्योग सञ्चालन गर्दा सुरुमा दुई सयलाई रोजगारी दिन सकिने प्रस्ताव पनि गरेको थियो। नेपाली सेनाको पूर्वउपरथी विनोज बस्न्यात सेनाले उद्योग चलाउने कुराबाट बाहिरै बस्नु उचित हुने बताउँछन् । 'यस विषयमा सेनाका आफ्नै बाध्यता हुनसक्छन्, तर उद्योग चलाउने कुरामा सेना अघि सर्दा त्यसले दीर्घकालमा यो संस्थाको इज्जत प्रतिष्ठा र मर्यादालाई राम्रो गर्दैन,' उनी भन्छन्, 'विगतमा सरकारले नै चल्न नसक्ने भनेर विघटन गरिसकेको संस्थानमा भोलि सेना पनि असफल भयो भने त्यसले राम्रो सन्देश जाँदैन ।' नेपाल सरकारले पनि अन्य सरकारी निकाय असफल भएको काममा सेनालाई अघि सार्नु उचित नहुने बस्न्यातको तर्क छ । 'सरकार फेल भएपछि वा अन्य संस्थाहरुमा विश्वास नभएपछि सेनालाई अघि सार्ने गरिएको छ, यो उचित होइन,' उनले भने ।

बरु सरकारले उद्योग अरुलाई नै चलाउन दिएर त्यसका उत्पादन भने सेना, प्रहरी तथा अन्य सरकारी कर्मचारीले उपभोग गर्ने खालको नीतिगत व्यवस्था गर्नु उचित हुने उनी बताउँछन् । 'त्यसो भयो भने कुनै निजी क्षेत्रले नै उद्योग चलाउन सक्ला नि त,' उनले भने । प्रधानमन्त्री प्रचण्ड ले हेटौंडा कपडा उद्योग नेपाली सेनाले मानकका रुपमा सञ्चालन गरोस् भन्न चाहेको बताएका छन् । बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्रुको कार्यालयमा आयोजित उच्चस्तरीय छलफलमा प्रधानमन्त्री प्रचण्डले यस्तो बताएका हुन् ।

नेपाली सेनाले मानकका रुपमा यो उद्योग नाफामा सञ्चालन गरिदिने हो भने त्यो निजी क्षेत्र र सरकारका लागि पनि शिक्षा हुने उनले बताएका थिए । प्रधानमन्त्रीले देशका उद्योगहरु निजीकरण गर्दै जाँदा देशको उत्पादकत्वमा ह्रास आउनुका साथै रोजगारीका अवसर घट्दै जानु राम्रो नभएको बताएका थिए । 'विगतका सरकारी उद्योगहरू निजीकरण गरिए । त्यसको परिणाम राम्रो भएन, उद्योगहरु कौडीमा निजीकरण गरिए, देशमा औद्योगिक वातावरण कमजोर भयो । रोजगारी सिर्जना खुम्चिँदै गयो,' प्रधानमन्त्रीले भने, 'त्यसले युवा पलायनको भयावह स्थिति बन्दै गयो । अब पनि हामीले पहल लिएनौँ र औद्योगिक वातावरण बनाएनौँ भने देशको समस्या सम्बोधन गर्न सक्दैनौँ ।'

नेपाली सेनालाई उद्योग सञ्चालनको जिम्मा दिने बारे राजनीतिक सहमति लिने पनि प्रधानमन्त्रीले बताएका थिए । 'यसको थप अध्ययनका लागि सरकारको तर्फबाट पनि सानो टिम बनाएर जानेछौं र त्यसको सिफारिसका आधारमा मन्त्रिपरिषद् बैठकबाट ठोस निर्णय लिनेछौँ,' उनले भने ।

२०३२ सालमा चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोग र नेपाल सरकारको लगानीमा स्थापना भएको हेटौंडा कपडा उद्योग २०५७ सालदेखि बन्द छ । बैठकमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा. प्रकाशशरण महत, उद्योगमन्त्री रमेश रिजाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा, नेपाल सरकारका सचिवहरू र नेपाली सेनाका उच्चपदस्थ अधिकारीहरू सहभागी थिए । *स्रोत: अनलाइनखबर ।*

## ४२ लाख रुपैयाँको अवैध सामान नियन्त्रण

समाज संवाददाता

हेटौंडा: बारा प्रहरीले एकै दिन छुट्टाछुट्टै स्थानबाट ४२ लाख रुपैयाँ बराबरको अवैध सामान नियन्त्रण गरेको छ । प्रहरीले जीतपुर सिमरा उपमहानगरपालिका-१, पथलैया चोकबाट सोमबार राति ९ बजेर १५ मिनेटको समयमा वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना ५ ख ३५५९ नम्बरको ट्रकलाई सुरक्षा जाँच गर्दा ट्रकबाट ४० लाख ४४ हजार ७ सय २७ रुपैयाँ बराबरको स्रोत खुलाउन नसकेको अवैध सामान बरामद गरेको प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी निरीक्षक दधिराम न्यौपानेले जानकारी दिनुभयो ।

सोही दिन बिहान १० बजेर १५ मिनेटको समयमा आदर्शकोतवाल गाउँपालिका-५, लौकाहाबाट नम्बर नखुलेको ट्रकलाई सुरक्षा जाँच गर्दा २ लाख रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको थियो। ट्रकबाट गुट्खा, चुरोटलगायत अवैध सामान नियन्त्रणमा लिएको प्रहरी निरीक्षक न्यौपानेले जानकारी दिनुभयो । प्रहरीले दुबै ट्रकबाट ४२ लाख ४४ हजार ७ सय २७ रूपैयाँ बराबरको अवैध समानसहित ट्रक नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक न्यौपानेले जानकारी दिनुभयो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## मकवानपुरगढीमा तामाङ घेदुङ

समाज संवाददाता

हेटौंडा: मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकास्तरीय तामाङ घेदुङ गठन गरिएको छ । बुधबार भएको भेलाबाट अध्यक्षमा सानुकान्छा थिङ सर्वसम्मत चयन हुनुभएको छ । थिङको अध्यक्षतामा ११ सदस्यीय पालिका समिति चयन भएको छ । घेदुङको उपाध्यक्षमा विक्रम योञ्जन, सचिवमा यमरत्न भोलन, सह-सचिवमा सोमलाल घलान र कोषाध्यक्षमा एल आर स्याङ्तान चयन हुनुभएको छ । समितिको सदस्यहरुमा अञ्जना तामाङ, सुरेश गोले, विकास थिङ र सूर्य रुम्बा चयन हुनुभएको छ ।

## ज्ञानदीप पूर्वविद्यार्थी समाज गठन

समाज संवाददाता

हेटौंडा: हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा निकेतनका पूर्वविद्यार्थी संगठित भएका छन् । बुधबार विद्यालयमा भएको एक भेलाबाट ज्ञानदीप पूर्वविद्यार्थी समाजको संयोजकमा मिलन पाठक चयन हुनु भएको छ । विद्यालय व्यवस्थापन समितिको आयोजनामा विद्यालयको २३औं वार्षिकोत्सवको अवसरमा पूर्वविद्यार्थी भेला भएको विद्यालयका सहायक प्रधानाध्यापक दीपक गौतमले जानकारी दिनुभयो ।

पाठकको संयोजकत्वमा ४१ सदस्यीय समिति गठन गरिएको छ । गौतमका अनुसार पूर्वविद्यार्थीलाई जोड्ने, विद्यालयको शैक्षिक विकास गर्ने, सल्लाह गर्ने, सामाजिक गतिविधिमा संलग्न हुने उद्देश्यले पूर्वविद्यार्थी समाज गठन गरिएको हो । पूर्वविद्यार्थी समाजको सह-संयोजकमा स्वेच्छा दंगाल, सचिवमा प्रज्वला गजुरेल, कोषाध्यक्षमा साहस गोपाली चयन हुनु भएको छ ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षता तथा ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका उपाध्यक्ष राजेश घिमिरेको प्रमुख आतिथ्यमा पूर्वविद्यार्थी भेला भएको हो । पछिल्लो समय मकवानपुर जिल्लाका सामुदायिक तथा निजी विद्यालयमा पूर्वविद्यार्थीलाई संगठित गर्दै रचनात्मक कार्य गर्ने, विद्यालयको शैक्षिक सुधारको प्रयास गर्ने क्रमम बढेको छ ।

## वृद्ध उमेरमा...

अक्सिजन ग्रहण गर्न पाउँदैन ।

यो प्रक्रिया लगातार चलिरहेर श्वासनली साँघुरिएर काम गर्न सक्दैन । र, फोक्सोले सास लिन र फाल्न सक्दैन । यस्तोमा कार्बनडाइअक्साइडभित्र जमेर बस्छ । जसकारण बिस्तारै फोक्सोलाई नै पूर्ण क्षति गराउँछ ।

सीओपीडी भएमा लक्षणहरु ४० वर्षको उमेरपछि यसको लक्षण देखिन सक्छ।

**लक्षण**

लगातार रुघाखोकी लाग्नु, छाती घ्यारघ्यार हुनु, अलिकति हिंड्दा पनि स्याँस्याँ हुनु, खकारमा रगत आउनु, राति सुत्न कठिन हुनु, सास फेर्न कठिन हुनु, औंला वा जिब्रो निलो हुनु, पटकपटक छातीको संक्रमण हुनु यसका लक्षण हुन् ।

त्यस्तै, सुक्खा खोकीको समस्या दिउँसोमा भन्दा बिहान र साँझ बितेपछि बढी देखिन्छ। कसैकसैलाई भने दमको समस्या नभई खोकी मात्र लाग्ने पनि हुन्छ। छाती कस्सिएजस्तो वा केही कुराले थिचिराखेजस्तो हुने, लामो सास तान्न खोज्दा र सास फाल्न खोज्दा बढ्दा गाह्रो हुन्छ ।

**जटिलता**

यो समस्या बढ्दै गए शरीरको सम्पूर्ण अंगमा असर गर्छ। फोक्सो र श्वासनलीले काम गर्न नसकेपछि कार्बनडाइअक्साइड शरीरमै जमेर बस्छ । र, अक्सिजन पनि शरीरले पाउँदैन। जसकारण खाना नपच्ने, पेटमा अल्सर हुनु, मुटुमा समस्या आउनु, मधुमेहको स्तर बढाउनु, अक्सिजनको स्तर बढाउनु र मोतियाबिन्दुमा असर गर्ने हुनसक्छ ।

यससँगै खुट्टा सुनियो भने मुटुको चार कोठामध्ये दायाँ कोठा सुन्निएको हुनसक्छ। यसलाई पलमेनरी हाइपरटेन्सन भएको बुझिन्छ । बिस्तारै कपाल झर्ने, मांसपेशी सुक्ने, कलेजो सुन्निएर दाँया कोखो दुख्नुको साथै मिर्गौलामा असर गर्ने गर्छ।

**कसरी पहिचान गर्ने ?**

लक्षणको आधारमा रगत परीक्षण, छातीको एक्स-रे र आवश्यक परेमा सिटी स्क्यान पनि गरिन्छ। स्पाइरोमेट्रो माध्यमबाट पनि रोगको निदान गरिन्छ ।

**रोकथाम तथा उपचार**

सीओपीडीका कारण फोक्सोमा क्षति पुगेमा यसलाई निको पार्न सकिँदैन। यद्यपि, यसको लक्षणलाई नियन्त्रण गरेर थप नोक्सान हुनबाट फोक्सोलाई जोगाउन सकिन्छ ।

-यसले मुख्य समस्या गराउने भनेको श्वासप्रश्वासमा हो। त्यसैले ब्रोन्को डाइल्याटल औषधिको प्रयोग गर्न सकिन्छ ।

-तान्ने थेरापीद्वारा क्याप्सुल र मिटरडोज लिन सकिन्छ ।

-फोक्सो सुन्निएको छ भने स्टोरियोड औषधि चिकित्सकले दिनसक्छन् ।

-पल्स अक्सिमिटर घरमै राखेर अक्सिजनको स्तर नाप्नुपर्छ । यदि अक्सिजनको स्तर कम छ भने अक्सिजन दिनुपर्छ । यो अक्सिमिटरले स्याचुरेसन ९० भन्दा माथि देखायो भने अक्सिजन लगाउनु पर्दैन ।

-कडा खालको दम भए अक्सिजन थेरापी गर्नुपर्छ। यस्तो बेला फोक्सो कमजोर हुन्छ जस कारण सीओपीडीका बिरामीका लागि घरमै अक्सिजनको व्यवस्था गर्नुपर्छ।

-बिरामीलाई संक्रमण भएको भए फ्रोफाइलाइटिक एन्टिबायोटिक पनि चलाउनुपर्ने हुन्छ। यसबाट बच्न इन्फ्लुएन्जा र निमोनियाको सुई पनि लगाउनुपर्छ ।

-यस्तोमा कतिलाई अवस्था हेरी पल्मोनरी रिहावलेटेसन थेरापी गराइन्छ, जसले छातीको व्यायाम हुन्छ ।

-यस्ता रोगबाट बच्न र लागिसकेको अवस्थालाई कम गर्न धुम्रपान, वायु प्रदूषण र चिसोबाट टाढा रहनुपर्छ ।

साथै, सीओपीडीको उच्च जोखिममा रहेका व्यक्तिले यसविरुद्ध खोप लगाउन जरुरी छ । *(स्रोत: अनलाईनखबर)*

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# हार्दिक समवेदना



जन्म: १९९६ असार २१ गते — **स्व. डेन्टीजंग शाह** — स्वर्गारोहण: २०८० माघ १४ गते

*आधुनिक राष्ट्रिय माविका पूर्वप्रधानाध्यापक आदरणीय* **डेन्टीजंग शाह** *सरको निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।*

| | |
|---|---|
| **रामसागर गुरागाईं**<br>**प्रधानाध्यापक** | **मोहम्मद समीम**<br>**अध्यक्ष, विव्यस** |

## एवम् आधुनिक राष्ट्रिय मावि परिवार

**हेटौंडा-४, मकवानपुर**

## मकवानपुर गोल्डकप

# हिमालयन शेर्पालाई हराउँदै एनआरटी क्वाटरफाइनलमा




समाज संवाददाता

हेटौंडाः छैटौं संस्करणको शहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा न्यूरोड टिम (एनआरटी) क्वाटरफाइनलमा प्रवेश गरेको छ। बुधबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको खेलमा हिमालयन शेर्पा क्लबलाई ३-० गोल अन्तरले हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

एनआरटीको तर्फबाट पहिलो हाफको २९ औं मिनेटमा एक गोल गर्दै सरोज तामाङले पहिलो अग्रता दिलाएका थिए । दोस्रो हाफको ११ औं मिनेटमा रोहन खड्कीले र ३५ औं मिनेटमा सुमीत श्रेष्ठले समान १-१ गोल गरी टिमलाई जित दिलाएका हुन् ।

खेलको म्यान अफ द म्याच एनाअर टीका सरोज तामाङ घोषित भएका छन् । प्रतियोगिताअन्तर्गत् एनआरटीले सेमिफाइन प्रवेशका लागि नेपाल पुलिस क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । बिहीबारको खेलमा मच्छिन्द्र क्लब काठमाडौं र नेपाल एपीएफ क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ, उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने प्रतियोगिताका सर्वोकृष्ट खेलाडीका लागि हेटौंडा-४ का व्यवसायी सन्तोष गौतमले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्रायोजन गर्नुभएको छ । यस्तै, अन्य विधागत उत्कृष्ट खेलाडीले २५-२५ हजार रुपैयाँ र म्यान अफ द म्याच हुने खेलाडीहरुले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

यस वर्षको प्रतियोगिताको समापन कार्यक्रममा एकजना उत्कृष्ट पत्रकारलाई ५० हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिने जनाइएको छ। करिब १ करोड ६० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि प्रवेश शुल्क १ सय रुपैयाँ तोकिएको छ। प्रतियोगिता आयोजनाका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा उपमहानगरपालिका र विभिन्न स्थानीय तहलगायतबाट सहयोग प्राप्त भएको आयोजकले जनाएको छ ।

# २ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा एकै दिन २ जना मृत फेला परेका छन् । प्रदेशको काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लामा २ जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका-२, अनेकोट जलढुङ्गामा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ४० वर्षीया सुक्रा मिजार रहेको प्रहरीले जानकारी दिएको छ ।

मिजार गत बुधबार बेलुका आफुखुशी घरबाट निस्किई हिँडेकोमा आफन्तहरुले खोजतलास गर्दै जाँदा मंगलबार बिहान १० बजेको समयमा घरदेखि एक सय मिटर तल खोल्सामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि धुलिखेल अस्पताल लगिएको छ ।

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-२, बतासेमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४३ वर्षीय प्रेमबहादुर थापा रहेको प्रहरीले जानकारी दिएको छ।

लामा मंगलबार बिहान ११ बजेको समयमा स्थानीय आइते लामाका मानिस बसोबास नगर्ने घरको पिँढीमा मृत अवस्थामा फेला परेका थिए। अनुसन्धानका क्रममा लामाले सधैं मादक पदार्थ सेवन गर्ने गरेको पाइएको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको छ ।

# वासुदेव स्मृति पत्रकारिता पुरस्कारबाट दुई जना सम्मानित

समाज संवाददाता

हेटौंडाः रिपोर्टस क्लब मकवानपुरले दुई जना सञ्चारकर्मीलाई सम्मान गरेको छ। मंगलबार शहीद दिवसको अवसरमा एक कार्यक्रम आयोजना गर्दै क्लबले दुई जना पत्रकारहरुलाई शहीद वासुदेव घिमिरे पत्रकारिता पुरस्कारबाट सम्मान गरेको हो।

सम्मानित हुनेमा नवराज शर्मा र नवराज न्यौपाने रहेका छन्। दुबै जनालाई बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेल, आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ र क्लबका केन्द्रीय अध्यक्ष ऋषि धमलालगायतले प्रमाणपत्र वितरण गर्नुभएको छ ।

कार्यक्रममा बोल्नहुँदै मुख्यमन्त्री जमकट्टेलले प्रदेश सरकारले पत्रकारहरुका लागि कार्य गर्न सुरु गरे पनि अझै पर्याप्त नभइरहेको बताउनुभयो । उहाँले प्रदेश सरकारले पत्रकारहरुका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गर्न सुरु गरेको बताउनुहुँदै उहाँले पत्रकारलाई पनि सामाजिक सुरक्षामा समावेश गर्न आफू लागिपरेको बताउनुभयो।

रिपोर्टस क्लबका केन्द्रीय अध्यक्ष धमलाले सरकारले पत्रकारिता क्षेत्रको संरक्षण गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले पत्रकारितालाई बाँच्ने आधार बनाउन र विदेशिनबाट रोक्नुपर्ने बताउनुभयो । विभिन्न कालखण्डमा मुलुकमा आएको परिवर्तनमा पत्रकारिता क्षेत्रको महत्व रहेको उहाँको भनाइ थियो। क्लबले शहीद वासुदेवका पिता कृष्ण घिमिरे, क्लबका संस्थापक अध्यक्ष सविन न्यौपाने र सामाजिक क्षेत्रमा कार्यरत किशन बास्तोलालाई पनि सम्मान गरेको ।

रिपोर्टस क्लब मकवानपुरका अध्यक्ष बलराम पुडासैनीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सञ्चार रजिष्ट्रार प्रमुख रेवती सापकोटा, नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सीताराम रिजाल र क्लबका मकवानपुर जिल्लाका संस्थापक अध्यक्ष सविन न्यौपानेलगायतको आतिथ्य रहेको थियो ।

# स्वमूल्यांकनमा हेटौंडा पहिलो

समाज संवाददाता

हेटौंडाः स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा मकवानपुर जिल्लाका स्थानीय तहमध्ये हेटौंडा उपमहानगर पालिका पहिलो भएको छ । जिल्लामा रहेका १० स्थानीय तहमा आर्थिक वर्ष २०७९/०८० को स्वमूल्यांकनमा हेटौंडा उपमहानगरपालिकाले ८८.५ अङ्क प्राप्त गर्दै पहिलो भएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थाअन्तर्गत् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरी स्वमूल्यांकन गराउँदै आएको छ। स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धीहरुको लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न यस्तो मूल्यांकन सहयोगी हुने बताइएको छ ।

स्थानीय तहको विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिनुका साथै आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न पनि संस्थागत क्षमता स्वमूल्यांकन उपयोगी मानिएको छ। गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन यस्तो मूल्यांकन गर्ने गरिएको हो।

स्वीकृत कार्यविधिअनुसार प्रत्येक स्थानीय तहले आफ्ना कार्यप्रगति पेश गर्ने गरेका छन्। मकवानपुर जिल्लाका ५ स्थानीय तहले अपुरो विवरण पेश गरेका कारण नतिजा शून्य रहेको छ । पूरा विवरण पेश नगर्ने स्थानीय तहमा बकैया गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका, थाहा नगरपालिका र मकवानपुरगढी गाउँपालिका रहेका छन्।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनका लागि १० वटा सूचक तोकिएको छ । ९ पूर्णाङ्कको शासकीय प्रबन्धमा हेटौंडा उपमहानगरपालिकाले ८ अङ्क पाएको छ। संगठन तथा प्रशासनमा ८ पूर्णाङ्कमा ८ अङ्क र वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ११ पूर्णाङ्कमा ९ अङ्क प्राप्त गरेको छ । यस्तै, वित्तीय एवम् आर्थिक व्यवस्थापनको ११ पूर्णाङ्कमा ११ अङ्क र सेवा प्रवाहको १६ पूर्णाङ्कमा १५ अङ्क प्राप्त गरेको हो। न्यायिक कार्यसम्पादनको ७ पूर्णाङ्कमा ७ अङ्क र भौतिक पूर्वाधारको १३ पूर्णाङ्कमा ११ अङ्क प्राप्त गरेको छ । सामाजिक समावेशीकरणमा १० पूर्णाङ्क रहेकोमा ७.५ अङ्क, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ९ पूर्णाङ्क रहेकोमा ८ अङ्क र सहकार्य तथा समन्वयमा ६ पूर्णाङ्क रहेकोमा ४ अङ्क गरी ८८.५ अङ्क प्राप्त गर्दै हेटौंडा उपमहानगरपालिका पहिलो भएको हो ।

जिल्लाका भीमफेदी गाउँपालिकाले ६४.७५ अङ्क, कैलाश गाउँपालिकाले ६१.५ अङ्क, ईन्द्रसरोवर गाउँपालिकाले ६१.७५ अङ्क र बाग्मती गाउँपालिकाले ५७.७ अङ्क प्राप्त गरेका छन्। गत आर्थिक वर्ष २०७८/७९ मा बागमती गाउँपालिकाले ४३.५, बकैया गाउँपालिकाले ५६.२५, भीमफेदी गाउँपालिकाले ६५, हेटौंडा उपमहानगरपालिकाले ६३.२५, ईन्द्रसरोवर गाउँपालिकाले ५३.२५, कैलाश गाउँपालिकाले ४९.५, मकवानपुरगढी गाउँपालिकाले ५६.७५, मनहरी गाउँपालिकाले ६७.७५, राक्सिराङ गाउँपालिकाले ५६ र थाहा नगर पालिकाले ८६.२५ अङ्क प्राप्त गरेका थिए। उक्त आर्थिक वर्षमा थाहा नगरपालिका सबैभन्दा बढी अङ्क ८६.२५ प्राप्त गर्दै पहिलो भएको थियो ।

# सहीद दिवसको अवसरमा वक्तृत्वकला

समाज संवाददाता

हेटौंडाः सहीद दिवसको अवसरमा हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनमा वक्तृत्वकला प्रतियोगिता भएको छ । मंगलबार सहीदको सम्झनामा "सहीदको सपना साकार पार्न विद्यार्थीको भूमिका" विषयक वक्तृत्वकला प्रतियोगिता भएको हो ।

वक्तृत्वकलामा आदित्य पराजुली प्रथम, रुशिका लामिछाने द्वितीय, अस्मिता डिम्डुङ तृतीय र पूर्णिमा दुलाल सान्त्वना भएका छन्। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई विद्यालयका प्रधानाध्यापक निर्मल पराजुलीले पुरस्कार स्वरुप शैक्षिक सामग्री प्रदान गर्नुभयो । प्रतियोगितामा ६ कक्षादेखि ९ कक्षासम्मका १२ जना विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रममा विद्यालयका भाइस क्याप्टेन प्रिति यादवको सभाध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक निर्मल पराजुलीको प्रमुख आतिथ्य रहेको थियो ।

# ज्ञानदा माविको वार्षिकोत्सवमा खेलकुद कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित ज्ञानदा माविमा दुई दिने खेलकुद कार्यक्रम सुरु भएको छ । विद्यालयको ५२ औं वार्षिकोत्सवको अवसरमा आयोजना भएको कार्यक्रम बुधबार र बिहिबार सञ्चालन भएको विद्यालयका प्रधानाध्यापक र मेशप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

प्रधानाध्यापक सुवेदीले नै वार्षिकोत्सव समारोहको उद्घाटन गर्नु भएको हो। पहिलो दिन बुधबार विद्यालयले चक्लेट दौड, तातो आलु, बेलुन फुटाई, भलिबल प्रतियोगिता सम्पन्न गरेको छ । यस्तै, छात्र र छात्रा सदनस्तरीय भलिबल प्रतियोगिताका लागि कक्षा ७ देखि ९ कक्षासम्म सदनअनुसार समुह छुट्याएको सुवेदीले बताउनुभयो । खेलमा प्रथम, द्वितीय र तृतीय हुने समुह तथा विद्यार्थीलाई विद्यालयले शुक्रबार वार्षिकोत्सवको अवसरमा पुरस्कार वितरण गर्ने जनाएको छ ।

# वनदेवी मन्दिरमा प्राण प्रतिष्ठा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीमा नवनिर्मित वनदेवी मन्दिरमा प्राण प्रतिष्ठाको कार्य सम्पन्न भएको छ। माघ १२ गतेदेखि ताप्लेजुङ पाथिभरा मन्दिरका मुख्य पुजारीबाट शुभारम्भ भएको प्राण प्रतिष्ठा कार्य पाथिभरा मन्दिरका मुख्य पुजारीबाट नै मंगलबार पूर्णाहुती साथै जल-प्रसाद वितरण गर्दै सम्पन्न गरिएको छ ।

वडा कार्यालय नजिकै रहेको मन्दिर करिब १ करोड ५० लाख लागतमा निर्माण सम्पन्न भएको हो। मन्दिरको हालसम्मको सम्पूर्ण लागत हेटौंडा-७, नागस्वतीका दल बहादुर खड्काको रहेको छ। जिल्लामा नै निकै कलात्मक शैलीबाट मन्दिर निर्माण गरिएकोले अवलोकन गर्नका लागि मानिसहरु दैनिक रुपमा बढिरहेका छन्। मन्दिरलाई अब व्यवस्थितरुपमा सञ्चालनका लागि अक्षयकोष समेत स्थापना गरिने भएको छ ।

अक्षयकोष सञ्चालन सहयोगार्थ ताप्लेजुङ पाथिभरा मन्दिरका मुख्य पुजारीबाट ५१ हजार १ सय ५५ रुपैयाँ दान गरी कार्यक्रमको शुभारम्भ समेत भएको छ । नागस्वतीमा नवनिर्मित वनदेवी मन्दिरले धार्मिक पर्यटन बढ्ने तथा वडाको ईज्जत् समेत बढाएको वडावासीहरु बताउँछन्। माघ २७ गते काठमाडौं ईन्द्रेणी कार्यक्रम समुहको प्रस्तुतीसहित मन्दिरको उद्घाटन गरिने वनदेवी मन्दिर प्राण प्रतिष्ठा कार्यक्रमका संयोजक हरिहर ढकालले बताउनु भएको छ ।

# जिसस प्रमुखबाट निर्माणाधीन पुलको अनुगमन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित लालझाडीमा निर्माणाधीन राप्तीखोला लालझाडी पक्की पुलको निर्माण कार्य समयमै सम्पन्न नभएपछि जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले अनुगमन गर्नुभएको छ । स्थानीयले पुल निर्माणको कार्यमा ढिलो भएको भन्दै गुनासो गरेपछि मंगलबार प्रमुख घलान अनुगमनमा पुगेर उक्त अवस्थाबारे बुझ्नुभएको हो ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट रहेको उक्त पुल निर्माण कार्य थालेको तीन वर्ष पूरा हुन लाग्दा पनि सोचेअनुसार कार्य भएको छैन । पुल निर्माणका लागि चितवनको शिवशक्ति-सिद्वार्थ-शिवम् संयुक्त उद्यमले २०८० जेठ १७ गते सम्पन्न गर्ने गरी २०७८ साल जेठ १८ गते ठेक्का सम्झौता गरेको थियो। उक्त पुलका लागि प्रदेशले ८ करोड ४७ लाख ८० हजार ८ सय ६८ रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर सम्झौता गरेको अवधीभित्र पनि निर्माण कार्य अगाडि बढ्न नसकेपछि १ वर्षका लागि आगामी जेठसम्म म्याद थप गरी काम गर्न अनुमति दिएको थियो।

प्रमुख घलानलाई स्थानीयहरुले पुल निर्माणको काम समयमै सम्पन्न नहुँदा वर्षायाममा त्यस क्षेत्रका जनताले सास्ती भोग्दै आउनुपरेको भन्दै पुल निर्माण चाँडो सकाउन र नभए ठेकेदारलाई कारबाही गर्न माग गरेका थिए । प्रमुख घलानले निर्माण कार्य ढिलो भएको बताउनुहुँदै एक पटक उसै ठेकेदारलाई म्याद थप गरिएको समयसम्म काम गर्न दिनुपर्ने बताउनुभयो। उहाँले त्यसपछि पनि काम अघि बढ्न नसकेमा ठेकेदारसँगको सम्झौता रद्द गरेरै भएपनि काम अगाडि बढाउनुपर्ने बताउनुभयो ।

पुल निर्माणको जिम्मा पाएका कम्पनीका ठेकेदार मिलन पाठकले पुल निर्माणको कार्यमा ढिला भएको स्वीकार्नुभयो। आफूले अन्य स्थानमा काम गरेको सरकारी कामको पैसा समयमै प्राप्त गर्न नसक्दा पुल निर्माणका लागि सामग्री खरिद गर्न समस्या भएको बताउनुभयो । जेठसम्मको समयमा पुल निर्माणको कार्यलाई तीव्र ढङ्गबाट अगाडि बढाउने बताउनुहुँदै सम्पन्न नभए आफूले भोग्नुपर्ने कानुनलाई स्वीकार्नेसमेत दाबी गर्नुभयो।

पुल निर्माणमा खटिनुभएका इन्जिनियर राम गुलाम शाहले अहिले तीन वर्ष पूरा हुन लाग्दा १५ प्रतिशतमात्र काम भएको बताउनुभयो । पुलको लागि सबै स्थानमा जगसमेत राखिनसकेको उहाँले बताउनुभयो । अनुगमनमा हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपाने, पूर्वाधार विकास समिति चितवनका कार्यालय प्रमुख वीरेन्द्र चौधरीको पनि उपस्थिति रहेको थियो।




**सर्वसाधारणमा अनुरोध**

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँचवर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौँ/नगराऔँ । मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको बिवाह, बहूविवाह, गर्नु गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔँ/नगरौँ । भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौँ ।

प्रदेश सरकार
बागमती प्रदेश
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ